
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १ गते बुधबार ❑ 15 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## अटो क्षेत्रलाई प्रवर्द्धन गर्न एक अंकको व्याजदरमा झार्न व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन



सबैभन्दा धेरै कर संकलन हुने अटो क्षेत्रलाई प्रबर्द्धन गर्न एक अंकको व्याजदरमा झान व्यवसायीहरुले माग गरेका छन् । अटो क्षेत्रमा हाल देखिएको समस्या समाधान गर्न बैंक तथा वित्तीय संघ संस्थाहरुले १६/१७ प्रतिशत रहेको व्याजदरलाई घटाएर एक अंकमा झार्दा त्यसबाट व्यवसायीहरुको हित हुने तथा व्यवसायीक प्रबर्द्धन हुने बताएका हुन ।

२ लाख रुपैया पर्ने मोटरसाइकल स्कुटरदेखि एक करोड भन्दा बढी मुल्य भएका सवारी साधनको हिजोआज नेपालमा मात्र नभई गण्डकी प्रदेशको राजधानी पोखरा क्षेत्रमा पनि खासै बिक्री वितरण भएको छैन । अघिल्ला बर्षको तुलनामा यस वर्ष भने निकै नराम्रोसंग अटो व्यवसायी प्रभावित भएको व्यवसायीहरुले गुनासो गरेका छन् । कोभिड–१९, युवा शक्ति बाहिरिनु, जनताको आम्दानीको श्रोत कम हुनु, माग कम उत्पादन बढी लगायतका कारणले गर्दा अटो व्यवसाय पनि नराम्रोसंग प्रभावित भई केहीले कर्मचारी घटाउनुपर्ने अबस्था रहेको छ भने केहीले सोरुमहरु बन्द गर्ने अबस्थामा पुगेका छन् ।

पोखरा क्षेत्रका विभिन्न अटो व्यवसायीहरुसंग गरिएको कुराकानीको आधारमा हेर्दा यसको मुख्य समस्या बैंकहरुको व्यजदर हाल दोब्बरले बृद्धि हुनु मुख्य कारण भएकाले त्यसको सहजीकरणको लागि कम्तिमा केही एक अंकमा व्याज दर घटाउन व्यवसायीहरुले समेत माग गरेका छन् ।

पश्चिमाञ्चल अटो मोवाइल डिलर्स एशोसियसनका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठले अहिले बजारको अबस्था निकै नाजुक भएको उल्लेख गर्दै अटो व्यवसाय अहिलेको अबस्थामा टिक्नै कठिन भएको गुनासो गरे । विगतको करिब ६ महिना जेनतेन गरी धानेको अबस्थामा अझै पर्ख र हेरको अबस्थामा आफुहरु रहेको उनले बताए । उनका अनुसार पोखरामा सुजुकी कम्पनीले मासिक ३० वटासम्म गाडी बिक्री गर्ने गरे पनि पछि पछिल्लो समयमा मुस्किलले ५ वटा मात्र बिक्री गर्ने गरेको अध्यक्ष श्रेष्ठले बताए । सुजुकी, किया, हुण्डाई, निसान लगायतका कम्पनीका गाडीहरु पोखरामा बढी बिक्री हुने भए पनि हाल विभिन्न कारणले गर्दा अघिल्ला बर्षको तुलनामा करिब २० प्रतिशत मात्र अटो व्यवसाय अर्न्तगत सवारी साधनहरु खरिद बिक्री हुने गरेको उनले जनाए ।

गण्डकी धौलागिरी निसान गाडीको आधिकारीक बिक्रेता इलाइट मोटर्स प्रा.लि.का संचालक युवा व्यवसायी गोपाल बरालले आम्दानी कम भएकोले गर्दा हाल अटो व्यवसाय निकै सुस्त गतिमा अघि बढेको बताए। मासिक १२ देखि १५ वटा गाडी बिक्री हुने गरेको बताएका बरालले कुनै पछिल्लो समयमा मुस्किलले १/२ वटा मात्र गाडी बिक्री हुने गरेको जनाए । यसको मुख्यकारण व्याजदर बढेको दाबी गरेका संचालक बरालले व्याजदर १० प्रतिशतमा मात्र झान सक्दा पनि त्यसबाट अटो व्यवसाय लयमा फर्किने विश्वास व्यक्त गरे । बैंकहरुसंग निर्भर भएको कारणले गर्दा यसलाई सरकारले राम्रोसंग नियमन गर्नुपर्ने उनको भनाई छ । राज्यलाई अन्य क्षेत्रबाट भन्दा अत्याधिक मात्रमा कर दिने अटो व्यवसाय जोगाउनु राज्यको समेत दाहित्व भएको बताउदै उनले केही महिना ओभर डियू सारेको अबस्थामा समेत सहज हुने बरालले जनाए । पहिला विभिन्न एक्सचेन्ज, सर्भिस जस्ता कार्यक्रममा सहभागी हुनेको संख्या उल्लेखनिय रुपमा हुने गरे पनि पछि पछिल्ला समयमा त्यसको प्रभाव निकै कम हुदै आएको उनले बताए । श्रेष्ठ मोटरसाइकल एण्ड पार्ट्स तथा जावा मोटरसाइकलको सोरुम समेत संचालन गर्दै आएका अध्यक्ष श्रेष्ठले अटो क्षेत्रको व्यवसाय करिब ८० प्रतिशतले गिरावट आएको जनाए । विकास बैंकहरुले १२/१३ प्रतिशतमा डिपोजिटमा माग गरेको आधारमा वेसरेट ४/५ राख्दा १६/१७ प्रतिशतमा ऋण लिएर व्यवसायीहरुले अटो क्षेत्रमा लगानी गर्न नसक्ने अबस्था रहेको अध्यक्ष श्रेष्ठले बताए । केही समय अघि ७/८ प्रतिशतमा कर्जा लिएको अबस्थामा हाल दोब्बर भन्दा पनि बढी हुदा व्याजदरको सन्तुलन राख्न नसक्ने अबस्थाले गर्दा अटो व्यवसाय प्रभावित भएको उनले बताए । नेपालभरी हालसम्म ६० वटा सोरुमहरु बन्द नै भएको दाबी गर्दै अध्यक्ष श्रेष्ठले सरकारले यसलाई नजरअन्दाज गरेर बैंकको व्याजदर घटाउन तर्फ ध्यान नदिएमा अबको ६ महिनामा थप ६० भन्दा बढी सोरुम बन्द हुने उनको भनाई छ । सरकारको बिकास बजेट समेत समयमै खर्च हुन नसक्दा पनि त्यसबाट आम जनताको आर्थिक स्थिती कमजोर भएको उनले जनाए ।

यसैबिच, इच्छाशक्ति अटो मोवाइल प्रा.लि.का संचालक इच्छामान बुद्धाचार्यले नेपाली युवा शक्ति बाहिर जाने गर्दा अटो क्षेत्रमा कम ग्राहकहरु आउने गरेको बताए । आफ्नो सोरुमबाट अघिल्ला बर्षमा मासिक १ सय ५० वटासम्म मोटरसाइकल बिक्री गर्ने गरे पनि हाल करिब ४५ वटा मात्र बिक्री हुने गरेको उनले जनाए । पहिला कम्तिमा पनि स्नातक तह अध्ययन पश्चात विदेश जाने युवा शक्ति अहिले प्लस टु अध्ययन सकिनासाथ विदेश जाने गरेको बुद्धचार्यले जनाए । बैंकको व्याजदर, घर जग्गामा कडाई गर्नुले पनि अटो क्षेत्रमा मार परेको उनले जनाए । नेपाली युवा शक्तिलाई स्वदेशी रोक्न विश्वस्तरिय गुणस्तरिय शिक्षा आवश्यक भएको संचालक बुद्धचार्यले जनाए । अहिलेको अबस्था रहिरहेमा २० बर्ष पछि नेपालमा जेष्ठ नागरिकको सङ्ख्या उल्लेखनिय रुपमा बृद्धि हुने नेपालको युवा शक्ति बाहिरकै बाहिर हुने उनको बुझाई छ । अहिले धेरै क्षेत्रमा आर्थिक मन्दी भएको हुदाँ त्यसबाट बजारमा कम चहल पहल हुनुले अटो व्यवसायमा कम कारोवार भएको बुद्धाचार्यले जनाए ।

पश्चिमाञ्चल अटो मोवाइल डिलर्स एशोसियसनका पूर्व अध्यक्ष मोहनबाबु खड्काले आर्थिक समस्या र यसबाट उत्पन्न भएको तरलता अभावले बढी प्रभाव अटो क्षेत्रमा परेको बताए। सोरुम खर्च बढाउदै गएको अबस्थामा विभिन्न कम्पनीहरुले अब बन्द गर्न थालेको बताउदै उनले सोरुममा काम गर्ने कामदार घटाउनेदेखि अतिरिक्त खर्च कटौती तर्फ केन्द्रित भएको उनले जनाए ।

राष्ट्र बैंकको नीतिको कारण बैंक वित्तीय संस्थाहरुले अत्याधिक व्याजदरमा मुल्य बृद्धि गरेकोले त्यसको नियमन गर्न राष्ट्र बैंक चुकेको पूर्व अध्यक्ष खड्काले बताए। देशका अधिकांश क्षेत्र आर्थिक रुपमा कमजोर भएको अबस्थामा बैंक तथा वित्तीय संस्थाहरुले कम मुनाफा हुने गरी काम गर्न उनले आग्रह गरे ।

## मानवअधिकारको पहिलो शर्त व्यक्तिको सुरक्षा : पूर्वप्रम ओली

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन




पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मानवअधिकारको पहिलो शर्त व्यक्तिको सुरक्षा भएको बताउनुभएको छ ।

मानवअधिकार एलाइन्सले आयोजना गरेको मानव अधिकार रक्षक तथा सामाजिक अभियन्ताको तेस्रो राष्ट्रिय सम्मेलनको मंगलबार यहाँ उद्धाटन गर्नुहुँदै उहाँले व्यक्तिको सुरक्षापछि नै अरु मानवअधिकारको विषय आउने बताउनुभयो । "मानवअधिकारका लागि बोल्न सक्ने एलाइन्स हुनुपर्छ, मानवअधिकारवादीको एलाइन्स कुनैपार्टीविशेषकापक्षमालाग्नुहुन्न, नेपालको एउटा राजनीतिक पक्ष आफूलाई भनेजस्तो भएन भने मानवअधिकार आयोगलाई पनि धम्की दिन्छ, मानवअधिकारका लागि सकारात्मक परिवर्तन भए पनि पूर्णता पुगेको छैन", अध्यक्ष ओलीले भन्नुभयो । मानवअधिकार पाएपछि नै मानिस समृद्ध हुने भएकाले यसका लागि काम हुनुपर्ने उहाँको भनाइ थियो । राष्ट्रिय मानवअधिकार आयोगका सदस्य लिली थापाले मानवअधिकारका लागि भेदभाव नगरी बोल्नु मानवअधिकार रक्षकको कर्तव्य भएको बताउनुभयो । पूर्वमन्त्री पार्वत गुरुङले समाजको चरित्र निर्माणमा सम्मेलनले ठोस निष्कर्ष निकाल्ने बताउनुभयो । गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष रामेश्वर सुवेदी, एलाइन्सका अध्यक्ष मीनबहादुर शाहीलगायतले मानवअधिकारको रक्षाका लागि प्रत्येक वर्ष सम्मेलन आयोजना गरिने प्रतिबद्धता जनाउनुभयो । बुधबारसम्म चल्ने दुईदिने सम्मेलनमा ७७ जिल्लाका प्रतिनिधिको सहभागिता रहेको छ । सम्मेलनले काठमाडौं घोषणापत्र पनि जारी गर्ने जनाइएको छ । कार्यक्रममा गत वर्षको दोस्रो सम्मेलनमा व्यक्त मन्तव्यको पुस्तिका सार्वजनिक गरिएको थियो ।

## बैंक तथा वित्तीय संस्था सङ्घर्ष समितिको आन्दोलन फिर्ता

**रासस**
काठमाडौं, ३० फागुन

चर्को ब्याजदरका विरुद्ध आन्दोलनरत व्यवसायीले आफ्नो विरोधका कार्यक्रम फिर्ता लिएका छन् ।

बैंक तथा वित्तीय समस्या सङ्घर्ष समिति बनाएर पछिल्लो चार दिनदेखि विरोधमा रहेका व्यवसायीले आज प्रधानमन्त्रीसँगको भेटपछि आन्दोलनका सबै कार्यक्रम फिर्ता लिएका हुन् । मङ्गलबार बेलुका प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'सँग छलफलपछि व्यवसायीले आन्दोलन फिर्ता लिएको नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिनुभयो । अहिलेको समस्यालाई सरकारले गम्भीरताका साथ लिएको र समाधानका लागि पहल गर्ने आश्वासन प्रधानमन्त्रीबाट आएपछि आन्दोलनका कार्यक्रम स्थगित गरिएको श्रेष्ठले बताउनुभयो । "बजारमा देखिएका समस्या र हामीले उठाएका मागबारे प्रधानमन्त्री आफैं जानकार हुनुहुन्छ । ती विषयलाई गम्भीरतापूर्वक लिएको र ब्याजदर घटाउनका लागि सरकारले पहल गर्ने प्रधानमन्त्रीको आश्वासनपछि हामीले सबै विरोधका कार्यक्रम आजैदेखि फिर्ता लिएका छौं", श्रेष्ठले भन्नुभयो ।

बैंक तथा वित्तीय संस्थामा चर्को ब्याजदरका कारण व्यवसाय गर्न कठिन भएको भन्दै नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, नेपाल व्यापार सङ्घ, नाडा अटोमोबाइल्स एसोसिएसनलगायत निजी क्षेत्रका छाता सङ्गठनमा आबद्ध व्यवसायी आन्दोलित थिए । उनीहरू सोमबारदेखि नेपाल राष्ट्र बैंकमा धर्ना बसेका थिए ।

## खस्कियो हस्तकला व्यापार

**रासस**
पोखरा, ३० फागुन

कोभिड-१९ महामारीपूर्व पोखराबाट बर्सेनि रु दुई करोड बढीको हस्तकला सामग्री विदेश निर्यात हुन्थ्यो । स्वदेशी बजारमा पनि राम्रै माग थियो । कोभिडयता पर्यटकको आउजाउ घटेसँगै हस्तकला व्यापार पनि खस्कियो ।

अन्तर्राष्ट्रिय बजारमा माग घट्यो । महामारी थामिए पनि हस्तकलाको व्यापार भने अझै पूर्ववत् स्थितिमा फर्कन सकेको छैन । विस्तारै तङ्गिने बाटोमा भने छ । पोखरास्थित महिला सीप विकास संस्थाका अनुसार अहिले वार्षिक झण्डै रु एक करोड बराबरको मात्र हस्तकला सामग्री विदेश निर्यात हुने गर्छ ।

संस्थाको अन्तर्राष्ट्रिय बजार हेर्ने रश्मी शाक्यले पछिल्लो समय समग्र वार्षिक कारोबार रु एक करोड ५० लाख हाराहारीमा खुम्चिएको बताउनुभयो । "कोभिड महामारीले ठूलो असर गर्‍यो, अब विस्तारै व्यापार बढ्ला भन्ने आशा छ", उहाँले भन्नुभयो, "नेपालमा भित्रिने विदेशी पर्यटकको सङ्ख्या घटेकाले हस्तकला व्यापार खस्केको हो ।"

हस्तकलाका सामग्रीको किनबेच बढीजसो पोखराको लेकसाइड, काठमाडौंको ठमेललगायत पर्यटकीय क्षेत्रमा हुन्छ । संस्थाले उत्पादन गर्ने हस्तकलाका सामग्रीमध्ये २० प्रतिशत मात्र खपत नेपाली बजारमा हुने गरेको छ । असी प्रतिशत सामग्री विश्व बजारमा पुग्ने गर्छ ।

हस्तकलाका सामान महँगो पर्ने भएकाले नेपाली ग्राहकको पहुँचमा खासै पर्दैन । सजावट र सोखका लागि किन्नेको सङ्ख्या पनि अति न्यून छ । हस्तकलाका मुख्य ग्राहक विदेशी पर्यटक नै हुन् । कोभिड-१९ महामारीलगायत कारणले पर्यटक आगमन उल्लेख्यरूपमा नहुँदा सामानको खपत कम भएको हो । उक्त संस्थाले विदेशबाट माग आएपछि आवश्यक भन्सार प्रक्रिया पूरा गरेर सामान विदेशमा निर्यात गर्ने गर्छ । "पचास प्रतिशत अग्रिम भुक्तानी लिएपछि मात्र मागअनुसारको सामान उत्पादन हुन्छ, सबै रकम आएपछि बल्ल कार्गो गरेर सामान विदेशी बजारमा पठाउँछौं", शाक्यले भन्नुभयो । हस्तकलाबाट विदेशी मुद्रा भित्र्याएर संस्थाले नेपाली अर्थतन्त्रमा टेवा पुर्‍याउँदै आएको उहाँको भनाइ छ । संस्थाका कार्यकारी निर्देशक रामकली खड्काले कोभिड महामारीपछि हस्तकला उद्यममा लाग्ने महिलाको सङ्ख्या पनि घटेको बताउनुभयो । पहिले उक्त संस्थामा छ सय बढी उद्यमी महिला आबद्ध रहेकामा अहिले जम्मा तीन सय ५० जना मात्र छन् । बजार मागका आधारमा मात्र हस्तकलाका सामान उत्पादन गर्ने गरिएको कार्यकारी निर्देशक


बाँकी अन्तिम पृष्ठमा ▶▶





# पोखराको रुपाताल छेउमा सिस्टेनी मेला

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

रुपातालको प्रचारप्रसार गर्ने शान्तिरुपा बराहथोक तमु युवा परिवारले पोखराको रुपाताल छेउमा 'सिस्टेनी मेला'आयोजना गर्ने भएको छ।

रुपाताल खोलाको छेउमा परापूर्व कालदेखी लाग्दै आएको पूरानो सिस्टेनी मेलालाई निरन्तरता दिँदै परिवारले चैत १५ गतेदेखि १७ गतेसम्म मेला आयोजना गर्ने भएको छ। मेलाबारे जानकारी दिन बुधबार पोखरामा आयोजना गरिएको पत्रकार सम्मेलनमा शान्ति रुपमा तमु समाजका निवर्तमा अध्यक्ष सुवेदार तुलबहादुर गुरुङले परापूर्व कालदेखी लाग्दै आएको मेलालाई ब्यूँताउन सानो प्रयास स्वरुप मेला सुरु गर्न लागिएको बताए।

'रुपाताल छेउमा पहिले चैते दशैको अवसरमा दुई दिने ठूलो मेला लाग्थ्यो । जसलाई सिस्टेनी मेला भनिन्थ्यो । हजारौंको सहभागीता हुने उक्त मेलामा विभिन्न मनोरञ्जनात्मक कार्यक्रम पनि हुन्थे' अध्यक्ष गुरुङ भने,'जहाँ स्थानीयस्तरमा उत्पादन भएका माटोको भाँडा, कुटो कोदालो, फाली, चोयाबाट बन्ने नाङ्लो, डोको लगायतका सामाग्री किन्ने गतिलो अवसर यहि मेला थियो । त्यही अवसर सिर्जना गर्न मेला गर्न लागेका हौं ।'



मेलाकै अवसरमा साविक वडा स्तरीय दोस्रो पुरुष भलिबल प्रतियोगिता, छेलो प्रतियोगिता,भाले प्रतियोगिता, रस्साकस्सी प्रतियोगिताहुने शान्ति बराहथोक तमु युवा परिवारका सल्लाहकार चन्द्र गुरुङले जानकारी दिए । प्रतियोगितामा कास्की, लमजुङ, पर्वत, तनहुँ, स्याङजालगायतका जिल्लाबाट २० टिम सहभागी हुने अनुमान रहेको उनले जनाए । भलिबल प्रतियोगितामा प्रथम हुने टिमलाई ६० हजार रुपैयाँ, उपविजेताले पुरस्कार स्वरुप ३० हजार रुपैयाँ, तृतीय पुरस्कार १५ हजार, अनुसासति टिमलाई पाँचहजार रुपैंयाँ पुरस्कार, प्रमाणपत्र, मेडल र ट्रफी पाउनेछन्। यसैगरी उत्कृष्ट खेलाडी, बेस्ट सटर, बेस्ट लिफ्टर, बेस्ट ब्लकर, बेस्ट डफेन्डर र बेस्ट सिर्विस गर्नेलाई ट्रफि र जर्सी पुरस्कार दिइने परिवारका अध्यक्ष फसेल बहादुर गुरुङले बताए । भलिबल टिम दर्ता मिति १०७९ चैत १४ देखि १५ गते दुई बजे सम्म गरि सक्नुपर्नेछ। साथै टिम दर्ता शुल्क पाँच हजार रुपैंया लाग्नेछ। छेलो प्रतियोगितामा प्रथम पुरस्कार पाँच हजार रहेको छ भने दर्ता शुल्क २ सय ५० रुपैंयाँ लाग्नेछ। भाले प्रतियोगितामा प्रथम पुरस्कार भाले रहेको छ भने दर्ता शुल्क एक सय राखिएको छ । यस्तै रस्साकस्सी प्रतियोगितामा प्रथमले पाँच हजार रुपैंयाँ र प्रमाणपत्र पुरस्कार पाउँनेछ । जसका लागि दर्ता शुल्क २ सय ५० रुपैंयाँ लाग्नेछ भने टिममा ५ जना महिलासहित १२ जना हुनुपर्नेछ। मेला सम्पन्न गर्नको लागि ३ लाख ९९ हजार रुपैंयाँ खर्च हुने र २ लाख २५ हजार रुपैंयाँ बचत हुने अनुमान गरिएको अर्थ संकल समितिका सहसंयोजक सुवेदार तुलबहादुर गुरुङले बताए। मेलामा लाग्ने उक्त खर्च विभिन्न प्रायोजक संस्था र व्यक्तिबाट सहयोग संकलन गरि जुटाइनेछ । मेलामा सहभागीहुने दर्शकहरुको लागि स्थानीय कलाकारहरुबाट विभिन्न मनोरञ्जनमुलक कार्यक्रम गरिने मेला आयोजक मुल समितिको संयोजक क्याप्टेन बुद्धिबहादुर गुरुङले बताए।

मेलाको आयोजक शान्ति रुपा बराहथोक तमु युवा परिवार रहेको छ भने शान्ति रुपा बहारथोक तमु समाज, शान्ति रुपमा आमा समूह, रुपा युवा क्लब, नौलो तारा क्लबले सहआयोजकको भूमिका निभाउनेछन्। शान्ति रुपमा बराहथोक तमु सजमाका अध्यक्ष क्याटेन बुद्धिबहादुर गुरुङको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा परिवारका अध्यक्ष फसेल बहादुर गुरुङ, शान्ति रुपमा बराहथोक आमा समूहका अध्यक्ष बेलकुमारी गुरुङ, समाजसेवी भेजबहादुर गुरुङ र योगेन्द्र गुरुङको समेत सभागिता रहेको थियो।

# मखमलको जुत्ता बनाउने तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

मखमलको जुत्ता बनाउने १५ दिने तालिम मंगलबार सम्पन्न भएको छ।

नेवाः मिस पुच कास्कीको आयोजना, नेवाः खल कास्की, नेवाः ल्याम्ह पुच कास्कीको सहआयोजना तथा पोखरा महनगरपालिका वडा ९ र सिटिइभिटीको सहयोगमा सञ्चालित तालिम सम्पन्न भएको हो।

२५ जना प्रशिक्षार्थी सहभागी भएको तालिम फागुन १५ गते बाट ३० गते सम्म नेवाः छे भिमसेन टोलमा भएको थियो। तालिमको प्रशिक्षकको रुपमा सृजनशील महिला समुह तथा सिप बिकास केन्द्र काठमाडौंका अध्यक्ष दिपा शाक्य रहेकी थिइन् । गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री सिता सुन्दासले तालिमले नेवारी दिदी बहिनीहरुलाई आत्मनिर्भर बन्न सहयोग पुग्ने बताइन् । उनले संस्थाले महिला सशक्तिकरणमा गरेको कामको प्रशंसा गरिन् । प्रदेश सरकारले



पनि स्थानीय उत्पादन सँगै महिला सशक्तिकरणलाई जोड दिइको उनको भनाई थियो।

नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखेले नेवाः खलको उद्देश्य भाषा, संस्कृति सँगै सिपको बिकास गर्ने योजना अनुसार तालिम आयोजना गरिएको बताए। नेवाः मिस पुच कास्कीका अध्यक्ष मेनुका श्रेष्ठले सिपले महिलाहरुमा आर्थिक उत्पादनमा सहयोग पुग्ने बताइन्।

कार्यक्रम संयोजक सोनी ढेवाजुले चुलो चौकोमा मात्र सीमित महिलाहरुको लागि सिपयुक्त तालिमले जिबिकोपार्जनमा सहयोग पुग्ने बताइन्।

कार्यक्रममा ल्याम्ह पुच कास्कीका अध्यक्ष मधुसुदन जोशी, सिटिइभिटी अन्नपूर्ण प्रमुख मोतिमाया भुजेल, वडा नं. ९ का वडा सदस्य भवना श्रेष्ठ, नेवाः पत्रकार मञ्चका अध्यक्ष सञ्जयकुमार मल्ल, सिटिवान टेलिभिजनका निर्देशक अनिशा श्रेष्ठ, प्रशिक्षार्थी अम्बिका मुल्मी लगायतले बोलेका थिए।

# पर्यटकीय गन्तव्य सिक्लेस सडक कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३० फागुन

पर्यटकीय हिसाबले महत्वपूर्ण कास्कीको मादी गाउँपालिका-१ सिक्लेस पुग्ने सडक कालोपत्र गर्न थालिएको छ। काहुँखोला-सिक्लेस सडकखण्डको ट्र्याक २०५८ सालमा खुलेको हो। ट्र्याक खुलेको दुई दशकपछि सडकको स्तरोन्नति गरी कालोपत्र गर्न थालिएको छ।

सो सडकखण्डमा पहिलो चरणमा विजयपुरखोलाबाट थाकको उकालोसम्म कालोपत्र गर्न थालिएको मादी-७ का वडाध्यक्ष दुर्गाबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार बिहान १० देखि साँझ ४ बजेसम्म यातायात पूर्ण बन्द गरेर सडक कालोपत्रको काम भइरहेको छ । पोखरा महानगरपालिका-१३विजयपुरखोलाबाट सिक्लेससम्मको ३२ किमी सडकमध्ये हाल पहिलो चरणमा १० किमीको निर्माण भइरहेको छ । निर्माण कम्पनीले आगामी चैतसम्म कालोपत्र सक्ने प्रतिबद्धता जनाएको छ । उहाँले भन्नुभयो, "लामो समयको प्रतिक्षा र मेहनतपछि पक्की सडक हुन थालेपछि गाउँले उत्साहित छन् । यसबाट उत्तरी मादीका बासिन्दलाई राहत मिल्छ।"

यसैगरी थाकबाट माथिको १० किमी सडकसमेत स्तरोन्नतिको काम सुरु भएको छ । रौताहा कन्स्ट्रक्सनले छ महिनादेखि सडक फराकिलो बनाउने काम गरिरहेको हो । गण्डकी प्रदेश सरकार मातहतको पूर्वाधार विकास कार्यालय कास्कीले सो सडक स्तरोन्नतिका लागि २०७७ सालमा काष्ठमण्डप कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरेको थियो। सो सडकको लागत रु २२ करोड २६ लाख छ। सडक दायाँबायाँ नालाबाहेक सात मिटर फराकिलो बनाइएको छ । मादी गाउँपालिका-१ स्थित सिक्लेस आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यका रूपमा प्रख्यात छ। दृश्यावलोकन र सुन्दर गुरुङ बस्तीले यहाँ पर्यटकलाई आकर्षित गर्ने गरेको छ। पक्की सडकबनेसँगै सिक्लेससहित ताङतिङ, ऋपुडाँडा, कफूचे ताललगायत मादीका पर्यटकीयस्थलमा जाने पर्यटकलाई समेत सहज हुने विश्वास गरिएको छ।

सिक्लेसलाई नेपालको शान्ति प्रक्रियाको सुरुआत स्थलका रूपमा समेत लिइन्छ। विसं २०६३ मा तत्कालीन विद्रोही नेकपा (माओवादी) र सरकारकाबीच सिक्लेसमा पहिलोपटक वार्ता भएको थियो । तत्कालीन विद्रोही माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र सरकारका तर्फबाट गृहमन्त्री कृष्णप्रसादसिटौलाबीचसिक्लेसमा वार्ता भएको थियो । सिक्लेसमा शान्तिस्तम्भसहित पूर्वाधार निर्माण गरिएको छ।

# दुई करोडको कारोबार गर्दै सकियो शुक्लागण्डकी महोत्सव

**पोखरापत्र संवाददाता**
दमौली, ३० फागुन

तनहुँको शुक्लागण्डकी नगरपालिका-६ खैरेनीटारमा सञ्चालित शुक्लागण्डकी महोत्सव रु दुई करोड बराबरको कारोबार गर्दै सकिएको छ। गत फागुन १९ गतेदेखि सुरु भएको महोत्सव सोमबार सकिएको हो।

महोत्सवको एक लाख दर्शकले अवलोकन गरेको महोत्सवका प्रवक्ता सुजित हिराचनले जानकारी दिनुभयो । मौलिक संस्कृति, खेल र स्थानीय उत्पादन एवं व्यापार प्रवर्द्धनका लागि महोत्सव सफल भएको हिराचनले बताउनुभयो । महोत्सव अवधिमा भएका भलिबल प्रतियोगिता, खुला नृत्य प्रतियोगिता, रत्यौली प्रतियोगिता, झाँकी प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई समापन समारोहमा पुरस्कार वितरण गरिएको छ। गायन प्रतियोगितामा मन्दिर थापामगर प्रथम, सन्तराज विश्वकर्मा द्वितीय र पदम नेपाली तृतीय हुनुभएको छ । खुला नृत्य प्रतियोगितामा सुनिल राना मगर प्रथम, इसिका नेपाली द्वितीय र कृति गुरुङ तृतीय हुनुभएको छ।

झाँकीतर्फ तमु समाज खैरेनीटार प्रथम, तमु समाज दुलेगौडा द्वितीय र ईश्वरी बह्मकुमारी विश्वविद्यालय खैरेनीटार तृतीय भएको छ। यस्तै अन्तरपालिका भलिबल प्रतियोगिताको उपाधि नवलपुरको बौदीकाली गाउँपालिकाले जितेको छ । फाइनल खेलमा स्याङ्जाको वालिङ नगरपालिकालाई पराजित गर्दै बौदीकालीले उपाधि जितेको हो। उपाधिसँगै बौदीकाली गाउँपालिकाले रु एक लाख ५० हजार नगद र प्रमाणपत्र प्राप्त गरेको छ। द्वितीय भएको वालिङ नगरपालिकाले रु एक लाख नगदमा चित्त बुझायो । तेस्रो स्थानका लागि भएको खेलमा बागलुङको गलकोट नगरपालिका तृतीय भएको छ । गलकोट र तनहुँको शुक्लागण्डकी नगरपालिकाबीच भएको खेल जित्दै गलकोटले नगद रु २५ हजार प्राप्त गरेको छ। चौथो भएको शुक्लागण्डकीले रु १५ हजार प्राप्त गरेको छ । यसैगरी महोत्सवमै सञ्चालित खुला पुरुष ब्याडमिन्टनको उपाधि सुशील भुजेल र लक्ष्मण लामाले जित्नुभएको छ । फाइनलमा धिरज केसी र विमल बानियाँको जोडीलाई पराजित गर्दै उहाँहरुले ब्याडमिन्टन प्रतियोगिताको उपाधि जित्नुभयो । सि लेबलको प्रतियोगितामा गाछेपानीस्थित जिअस ब्याडमिन्टनका क्लबका उहाँहरु प्रथम हुन सफल भएको प्रतियोगिता संयोजक वरदान क्षेत्रीले जानकारी दिनुभयो।

प्रतियोगितामा बसन्त लालचन र मनबहादुर आलेको जोडी तथा विक्रम रेउले र तारा थापाको जोडी तृतीय भएको छ। प्रथम र द्वितीय हुने खेलाडीहरुले क्रमशः रु २० हजार नगद र रु दश हजार नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ । तृतीय भएको जोडीलाई भने मेडल र प्रमाणपत्र प्रदान गरिएको छ। महोत्सवमा राष्ट्रिय तथा स्थानीय ख्यातिप्राप्त कलाकारको प्रस्तुति, लाइभ कन्सर्ट, बाल उद्यान, धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थलको पदयात्रालाई समावेश गरिएको थियो । महोत्सवमा घरेलु, कृषि, व्यावसायिक, रेष्टुराँ, सामाजिक संस्थालगायत कूल दुई सय १७ स्टल रहेका थिए।

# खस्कियो...

खड्काले उल्लेख गर्नुभयो । "विदेशबाट माग आइरहेको छ, त्यसैले व्यवसाय धानिएको छ, बरु नेपालमै हस्तकलाको व्यापार त्यति राम्रो हुन सकेको छैन", उहाँले भन्नुभयो। सामान्य अवस्थामा संस्थाले वार्षिक रु चार करोड बराबरको सामग्री उत्पादन तथा बिक्रीवितरण गर्ने गरेको उहाँले सुनाउनुभयो । हस्तकला व्यापार प्रवर्द्धन र महिला उद्यमीका लागि राज्य सहयोगी बन्नुपर्ने कार्यकारी निर्देशक खड्काले बताउनुभयो।

विसं २०३२ मा स्थापित उक्त संस्थाले महिलाका लागि सीप र आयमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म २१ हजार बढी महिलाले संस्थाबाट हस्तकला सीप आर्जन गरेका छन् । संस्थामा आबद्ध महिला हस्तकला सिकेर स्वरोजगार बनेका छन् । कतिपयले आफ्नै उद्योग खोलेका छन् । कोही अन्यत्र पनि काम गर्छन् । संस्थाद्वारा सञ्चालित हस्तकला उद्योगमा धागो, अल्लो, हेम, उन, मकैको खोस्टालगायत स्थानीय कच्चापदार्थको प्रयोगबाट झोला, टोपी, कार्पेट, लुगा, सजावटका सामग्री आदि उत्पादन हुँदै आएको छ । "हामीले उत्पादन गरेको सामान अमेरिका, इटाली, जर्मनीलगायतका देशमा निर्यात हुँदै आएको छ", कार्यकारी निर्देशक खड्काले भन्नुभयो, "बजारको सुनिश्चितता हुन सके अझ धेरै महिलालाई हस्तकला उद्यममा जोड्न सकिन्छ, यसबाट रोजगारी पनि सिर्जना हुन्छ, अर्थतन्त्रको उत्थानमा पनि टेवा पुग्छ ।" पोखराका उद्यमी महिलाले तयार पारेका हस्तकलाका सामग्रीको अन्तर्राष्ट्रिय प्रदर्शनी गर्ने तयारी भइरहेको संस्थाका अध्यक्ष देवी गुरुङले बताउनुभयो। केही दिनअघि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा उक्त संस्थाले पोखरामा हस्तकला प्रदर्शनी गरेको थियो।

भारत र बेलायतमा छिट्टै प्रदर्शनी आयोजना गरिने भएको हो । उद्यमी महिलाले छ महिना लगाएर हाते तानबाट तयार पारेको १६ मिटर लामो 'नेचुरल टेक्सटायल कार्पेट' पनि उक्त प्रदर्शनीमा राखिने अध्यक्ष गुरुङको भनाइ छ। उद्यमीले कटनको धागोलाई आफैँ प्राकृतिक रङ दिएर हाते तान बुनाइबाट सामान उत्पादन गर्ने गर्छन्।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत २ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।


बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जनताले लेख्ने उपन्यास नै इतिहास हो । - एल्फ्रेड डे

## सम्पादकीय

# कार्यान्वयनमा आउन नसकेको उपभोक्ता अधिकार

मानवअधिकारका विषय सरकारसंग मात्र सिमित छैन । उपभोक्ताका अधिकार मानवअधिकार हो।जनताको मौलिक अधिकार हो । सरकारले भन्दा धेरै भाग निजी क्षेत्रले ओगटेको छ।राज्यको भूमिका कम नीजि क्षेत्रको भूमिका धेरै छानागरिकका अधिकार होस या उपभोक्ताको अधिकार सुनिश्चित नीजि क्षेत्रले गर्नुपर्छ।राज्यले कानुन बनाएर उपभोक्ताको अधिकारको कार्यान्वयन हुने वातावरण बनाउनुपर्छ।नीजि क्षेत्रले उपभोक्ताका अधिकार भन्दा सस्तो विज्ञापन गरेर भुलाउने गरेका छन।अब मानवअधिकारको कुरा उपभोक्ताको अधिकारको विषय सबैले बनाउनु पर्छ । विश्व विद्यालय र कलेजमा मात्र पढाई हुने उपभोक्ता अधिकारका कुरा व्यवहारमा आउन सकेका थिएनन् । एकेडेमिक वौद्धिक बहसका कुरालाई सन् १९६२ मार्च १५ मा तत्कालीन अमेरिकी राष्ट्रपति जोन अफ केनेडीको 'कस्टमर बिल अफ राइट्स' अमेरिकी सिनेमा पारित भएपछि विश्वमा उपभोक्ता अधिकारले मान्यता पायो ।

यद्यपि विकसित मुलुकले मात्र उपभोक्ता अधिकारको सम्मान गरेका र अविकसित र विकासोन्मुख मुलुकले नस्वीकार्दा १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसङ्घले अनुबन्ध ने पारित गरी सदस्य राष्ट्रलाई दबाब दियो । तत्पश्चात् राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रले उपभोक्ताका हितमा ऐन नियम बनाएर लागू गरे । यसै क्रममा नेपालमा पनि २०५४ सालमा उपभोक्ता संरक्षण ऐन जारी भई लागू भयो । हाल उक्त उपभोक्ता संरक्षण ऐन मौलिक कानुनका रूपमा संशोधन र परिमार्जन भई लागू भएको छ । विश्वमा मार्च १५ मा विश्व उपभोक्ता अधिकार दिवस मनाउने चलन छ । नेपालमा पनि राष्ट्रिय नारासहित दिवस मनाउने गरिएको छ । नेपालमा उपभोक्ता अधिकारकर्मीहरु "स्वच्छ ऊर्जा मार्फत उपभोक्ता सशक्तिकरण "भन्ने नाराका साथ मनाउँदै छन।उपभोक्ताका संवैधानिक र कानुनी अधिकारका बारेमा पैरवी गर्ने दिन पनि हो । उपभोक्तावादका चार सर्वमान्य सिद्धान्त छन् । पहिलो, प्रत्येक उपभोक्ता आफैं सचेत हुनुपर्दछ । दोस्रो, उपभोक्तालाई सचेत र जागरूक गर्ने दायित्व सरकार तथा वस्तु वा सेवा उत्पादन, आयात, सञ्चय वा विक्री वितरण गर्ने प्रदायकहरूको हो । तेस्रो, वस्तु र सेवा उत्पादक, प्रदायक वा विक्रेताहरू उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ । उपभोक्ता नभई बजार सञ्चालन नहुने हुँदा उपभोक्ता बजारका सार्वभौम हुन् ।

चौथो, बजारले उपभोक्तालाई सम्मान गर्नुपर्दछ । यिनै सिद्धान्तका आधारमा नेपालले उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताका नौ अधिकारको व्यवस्था गरेको छ । नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ता हकको व्यवस्था छ । संविधानमा गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्न पाउनु उपभोक्ताको हक हुने र गुणस्तरहीन वस्तुको उपभोगबाट हानि नोक्सानी भएमा उपभोक्ताले क्षतिपूर्ति पाउने हक सुनिश्चित गरिएको छ । यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वभित्र कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने विषय समेटिएको छ । मौलिक हकसम्बन्धी कानुनका रूपमा उपभोक्ता अधिकार संरक्षण ऐन २०७५ लागू भइसकेको छ । उपभोक्ता हित संरक्षणका लागि एक दर्जनभन्दा बढी कानुन निर्माण भएका छन् ।संघ,प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य छैन ।

संघको अधिकार प्रदेश र स्थानीय तहलाई दिइएको छ । सरकारको काम नियमित बजार अनुगमन गर्नु हो । जनता नठगिउन भनेर सकृयता देखाएमा उपभोक्ताको हितमा सरकारले काम गरेको छ भन्ने अनुभूति हुनेछ। संघले अधिकार दिएन भनेर रोइलो गर्नु भन्दा भएका अधिकार प्रयोग गरेर उपभोक्तालाई सचेत बनाउने काममा प्रदेश र स्थानीय सरकार लाग्नु पर्दछ । जनताको दैनिक जीवनसँग जोडिएको विषयमा प्रदेश र स्थानीय सरकारले बजारलाई नियमित अनुगमन गरेमा जनताप्रतिको उत्तरदायित्व निर्वाह गरेको ठहरिने छ। उपभोक्ताको अधिकारका लागि मानव अधिकार आयोग, संवैधानिक अंग संसदीय समिति, नागरिक समाज र मिडियाले नउठाएसम्म हाम्रो जस्तो मुलुकमा कार्यान्वयनमा आउन सक्दैन ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्यटन प्रवर्द्धनार्थ 'उज्यालो बन्दीपुर' कार्यक्रम

पोखरापत्र संवाददाता
तनहुँ, ३० फागुन

तनहुँको बन्दीपुरमा पर्यटन प्रवर्द्धन गर्नका लागि 'उज्यालो बन्दीपुर' कार्यक्रम सुरु गरिएको छ । उक्त कार्यक्रमअन्तर्गत बन्दीपुरका सबै सडकमा बत्ती जडान गरी उज्यालो बनाउन लागिएको छ।

ठाउँ ठाउँमा पोल गाडेर बत्ती जडान गर्नुका साथै आकर्षक ढुङ्गा बिछ्याउन थालिएको छ । बिजुलीको तार जमिनमुनि गाड्ने व्यवस्था गरी ढुङ्गा छापेर आकर्षक बनाउन लागिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो ।बन्दीपुरको बजार क्षेत्रमा रोटरी क्लबले यसअघि सडकमा सत्र बत्ती जडान गरेको थियो । उहाँले भन्नुभयो, "यस वर्ष पर्यटन शाखामार्फत रु २० लाख विनियोजन गरी अन्य स्थानमा बत्ती जडान गर्न लागेका छौं ।"

त्यसैगरी बन्दीपुरमा रहेका पर्यटकीय क्षेत्रको जानकारी दिने उद्देश्यले क्यूआरकोडको व्यवस्था गरिएको छ । मुख्य बजारमा क्यूआरकोड राखिसकिएको छ भने अन्य १५ स्थानमा राख्ने तयारी भइरहेको छ।त्यसैगरी पर्यटकीय क्षेत्र बन्दीपुर-३ रामकोटमा यसै वर्ष ढुङ्गा बिछ्याउन थालिएको छ। उक्त कार्यका लागि रु आठ लाख विनियोजन गरिएको छ । त्यसैगरी आगामी वर्ष बन्दीपुर-५ र ६ का पर्यटकीय क्षेत्र धरमपानी, कल्लेरी, माझथर, कोरिसालगायत स्थानमा ढुङ्गा बिछ्याउने योजना रहेको गाउँपालिकाले जनाएको छ।

# बैंक तथा फाइनान्सले घटाए ब्याजदर

पोखरापत्र संवाददाता
काठमाडौं, ३० फागुन

वाणिज्य, विकास बैंक तथा फाइनान्स कम्पनीले बुधबारदेखि लागू हुने गरी ब्याजदर घटाएका छन् ।

वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घले चैतमा कर्जा र निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको थियो । बैंक तथा वित्तीय संस्थाले मंगलबार सूचनामार्फत सो कुराको जानकारी दिएका हुन् । चैत १ गतेदेखि निक्षेपमा शून्य दशमलव चार प्रतिशत र कर्जामा एक प्रतिशत प्रिमियम दर घटाउने निर्णय भएको सङ्घका अध्यक्ष सुनिल केसीले जानकारी दिनुभयो । उहाँले सङ्घ ऋणको ब्याजदर घटाउनमा केन्द्रित भएको बताउनुभयो । हाल बैंकहरूले कर्जामा आधारदरमा छ प्रतिशतसम्म प्रिमियम लिने गरेका थिए । अब एक प्रतिशत घटेपछि आधारदरमा पाँच प्रतिशतसम्म प्रिमियम दर तोक्नेछन् । यस्तै, निक्षेपतर्फको साधारण बचतमा न्यूनतम छ प्रतिशतदेखि अधिकतम आठ प्रतिशतसम्म ब्याज दिनेछन् । यसअघि साधारण बचतमा न्यूनतम छ दशमलब ४२ प्रतिशतदेखि अधिकतम आठ दशमलब ४२ प्रतिशतसम्म ब्याजदर तोकिएको थियो । मुद्दती निक्षेपको ब्याजदर भने स्थिर राखिएको छ । हाल बैंकहरूले मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिइरहेका छन् ।

यस्तैगरी, संस्थागततर्फ नौ प्रतिशत र 'रेमिट्यान्स' मुद्दती खातामा १२ प्रतिशत ब्याजदर तोकिएको छ । यस्तै, विकास बैंकहरूको छाता सङ्गठनका रूपमा रहेको डेभलपमेन्ट बैंकर्स एसोसिएसनले चैतका लागि मुद्दती निक्षेपको ब्याजदर शून्य दशमलव २५ प्रतिशतसम्म घटाएको छ । सङ्घको निर्णयअनुसार विकास बैंकहरूले चैत महिनादेखि एकवर्षे वा सोभन्दा माथिको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ११ दशमलव ६० प्रतिशत कायम गरेको छ । त्यस्तै, एक वर्षभन्दा कमको मुद्दती निक्षेपको ब्याजदर ११ दशमलव ५० प्रतिशत कायम भएको । हाल विकास बैंकहरूले एकवर्षे वा सोभन्दा बढी दुवैको व्यक्तिगत मुद्दती निक्षेपमा ११ दशमलव ७५ प्रतिशत ब्याजदर दिँदै आएका थिए । यसैगरी, ब्याजदर घटाएसँगै विकास बैंकहरूले चैतमा एकवर्षे वा सोभन्दा माथिको संस्थागत मुद्दती निक्षेपमा नौ दशमलव ६० प्रतिशत र साधारण बचतमा न्यूनतम छ दशमलव ६० प्रतिशतदेखि आठ दशमलव ६० प्रतिशत ब्याजदर प्रदान गर्नेछन् । त्यसैगरी, नेपाल वित्तीय संस्था सङ्घ (फाइनान्स) ले मुद्दती निक्षेपको ब्याज दर शून्य दशमलव २० प्रतिशतले घटाएको छ । सङ्घले तीन महिनामाथिको निक्षेपको ब्याज दर शून्य दशमलव १५ प्रतिशत घटाउने निर्णय गरेको छ । फाइनान्स कम्पनीहरूले एक वर्षको मुद्दती निक्षेपमा १२ दशमलव १० प्रतिशत ब्याज दिँदै आएकामा चैत १ गतेदेखि ११ दशमलव ९० प्रतिशत ब्याजदर कायम गरेका छन् ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १२ सिटीभिटी आगाडिको बाटे ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः सिटीभिटी अगाडिको ढलान बाटो निर्माण**
**स्थानः पोखरा-१२, कास्की**
**योजना सम्झौता मिति : २०७९/११/१० गते**
**योजना सुरु भएको मिति : २०७९/११/१० गते**
**योजना सम्पन्न मितिः २०७९/११/३० गते**
**योजनाको कुल लागत : रु. १९,००,००० ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१५,२०,००० ।-**
**जन सहभागितावाट : रु.३,८०,००० ।-**

डिल बहादुर कार्की
अध्यक्ष

**सिटीभिटी अगाडिको ढलान बाटो निर्माण उपभोक्ता समिति पोखरा-१२, कास्की**

# एसओएस गण्डकीमा दुई सहप्राचार्य नियुक्त

रन्जिता आचार्य /समिक्षा गौतम
पोखरा, ३० फागुन

पोखराको रामबजारस्थित एसओएस हरमन माइनर स्कुल गण्डकीमा दुईजना सहप्राचार्य नियुक्त भएका छन् ।

संस्थाको आन्तरिक प्रतिस्पर्धाबाट छनोट भई वीरसिंह बूढा र प्रभास पौडेल विद्यालयको नयाँ सहप्राचार्यका रूपमा नियुक्त भएका हुन् । विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीचमा एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका प्राचार्य चूडामणि सुवेदीले नवनियुक्त सहप्राचार्यद्वयलाई संयुक्त रूपमा अबिर, खादा र पुष्पगुच्छासहित बधाई ज्ञापन गरे। नवनियुक्त प्राचार्य बूढा दुई दशक तथा पौडेल विगत डेढ दशकदेखि एसओएस स्कुल गण्डकीको शिक्षकका रूपमा कार्यरत थिए । यसअघि दुवै जनाले विद्यालयको मध्यम व्यवस्थापनमा रही कार्य गरिसकेका छन् । नवनियुक्त सहप्राचार्यहरूको घोषणासभामा मन्तव्य राख्दै विद्यालयका प्राचार्य चूडामणि सुवेदीले शैक्षिक क्षेत्रमा गरिमामय इतिहास बोकेको संस्था आगामी दिनमा दुई नयाँ ऊर्जाशील सहप्राचार्यहरूको नियुक्तिसँगै उत्कृष्टताको यात्रामा थप अग्रसर हुने बताए। शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकीका अध्यक्ष टीकाराम सुवेदीले शैक्षिक यात्राका क्रममा आउने चुनौतीहरूलाई पन्छाउँदै नवनियुक्त सहप्राचार्यहरूसँग सहकार्य गरी अगाडि बढ्ने कार्यमा युनियनको सदैव साथ र सहयोग रहने विश्वास दिलाए।

सहप्राचार्यको नयाँ जिम्मेवारीले दायित्व थपिएको बताउँदै नवनियुक्त सहप्राचार्य वीर सिंह बूढाले संस्थाको वृहत्तर हित र विद्यार्थीको सर्वाङ्गीण समुन्नतिका लागि आफू दत्तचित्त भएर लाग्ने बताए । अर्का नवनियुक्त सहप्राचार्य प्रभास पौडेलले सहकर्मी शिक्षक र विद्यार्थीहरूसँग सहकार्य गरी अगाडि बढ्न आफू सदैव तत्पर भएर लागिपर्ने धारणा राखे। नवनियुक्त सहप्राचार्यहरूलाई बधाई ज्ञापन गर्दै एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यले लामो समयदेखि एसओएसमा कार्यरत दुई ऊर्जावान् शिक्षक साथीहरूलाई विद्यालयको नयाँ सहप्राचार्यका रूपमा पाउँदा आफू निकै हर्षित भएको बताउँदै नवनियुक्त सहप्राचार्यहरूले बालबालिकाको सर्वाङ्गीण समुन्नतिका लागि कार्य गर्ने विश्वास व्यक्त गरे । नवनियुक्त सहप्राचार्यलाई विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूले समेत अबिर र खादासहित बधाई ज्ञापन गरेका थिए।

# गण्डकी र शालग्रामको महिमा बढाउन 'कृष्णगण्डकी परियोजना'

पोखरापत्र संवाददाता
पोखरा, ३० फागुन

शालग्राम पाइने एकमात्रै कालीगण्डकी नदी संरक्षण, प्रचार-प्रसार र महिमा बुझाउन बृहत् कृष्णगण्डकी परियोजना सञ्चालनमा ल्याइएको छ।

गण्डकी र शालग्रामको महिमा नबुझ्दा नदी सभ्यता र शालग्राम लोप भएर जाने भएकाले यसको प्रचारप्रसारगर्नकालागिकालीगण्डकी किनारमा कृष्णगण्डकी उक्त परियोजना सञ्चालनमा ल्याइएको हो । सनातन हिन्दू धर्म, संस्कृति र सबैभन्दा पुरानो सभ्यतामध्येको एक कालीगण्डकी (कृष्णगण्डकी) को प्रसार-प्रचार र संरक्षणका लागि बागलुङ नगरपालिका-१ मालढुङ्गास्थित खुतुर्केघाटमा परियोजना निर्माण गर्न थालिएको छ । सिङ्गो पूर्वीय सभ्यता र संस्कृतिको महत्वपूर्ण धरोहरका रूपमा रहेको कालीगण्डकी क्षेत्र र यसमा पाइने पवित्र शालग्रामको संरक्षण गर्दै कालीगण्डकीमा व्यवस्थित स्नान कक्ष, घाट, सत्सङ्ग हल तथा कृष्ण मन्दिरको वृहत कल्पनाका साथ परियोजना अगाडि बढाइएको छ।

खुतुर्केघाटस्थित लक्ष्मीनारायण गुठीको १७ रोपनी जग्गामा उक्त परियोजना थालिएको यसको अगुवाइ गरिरहेको अन्तर ष्ट्रिय कृष्ण भावनामृत सङ्घ (स्कोन) बागलुङ शाखाका प्रमुख तथा अन्तर्राष्ट्रिय कृष्ण भावनामृत सङ्घ (स्कोन) का केन्द्रीय उपाध्यक्ष परमेश्वर अच्युत दास (प्रदीप भण्डारी)ले बताउनुभयो । कालीगण्डकीको महिमा बढाउन, पवित्र कालीगण्डकीमा स्नान, ध्यान, योग र तपस्याका लागि जग्गा व्यवस्थापनको काम भइरहेको छ। आगामी पाँच वर्षमा परियोजनाको पहिलो आधारभूत काम र बाँकी पाँच वर्षमा अन्य काम सम्पन्न गर्ने लक्ष्य छ। दुई चरणमा सम्पन्न गरिने सो परियोजनाअन्तर्गत पहिलो चरणमा तीन सय जना क्षमताको सत्सङ्ग हल र आश्रम निर्माण गरिने छ । "यो मुठ्ठी दानमा सञ्चालन हुनेछ, सरकारी निकायसित पनि बजेट माग्दै छौं", दासले भन्नुभयो। परियोजना सम्पन्न गर्न झण्डै रु १७ करोडको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । कालीगण्डकी नदी नियन्त्रणका लागि जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय बागलुङले रु ६५ लाखको लागतमा परियोजना सञ्चालन गर्ने क्षेत्रमा पक्की तटबन्ध गरिरहेको डिभिजन प्रमुख झलकमोहन ओझाले जानकारी दिनुभयो।

# 'दलितमाथि हुने विभेद अहिले पनि उस्तै'

पोखरापत्र संवाददाता
बागलुङ, ३० फागुन

अन्तरजातीय विवाहका कारण दलित थप पीडित हुँदै गएको बताइएको छ। बागलुङमा आयोजित एक कार्यक्रममा वक्ताहरुले उमेर पुगेका युवायुवतीले मन मिलेर अन्तरजातीय विवाह गरे पनि परिवारले युवकमाथि बलात्कार, अपहरणलगायतका मुद्दा लगाएर जेलमा हाल्ने गरेको उनीहरुको भनाइ छ।

राष्ट्रिय दलित आयोगका प्रवक्ता सुन्दर बुर्कुटीसँगको अन्तर्क्रियामा यहाँका दलित अगुवाले अहिले पनि समाजमा दलित समुदायलाई हेर्ने दृष्टिकोण नबदलिएको बताएका हुन् । राज्यले दलितका मुद्दालाई उठान तथा समस्या समाधान गर्न नीति कानुन बनाए पनि कार्यान्वयन नहुँदा अहिले पनि आफूहरु समाजको तल्लो दर्जामै रहनुपरेको उनीहरुको गुनासो छ। उनीहरुले भने, "हाम्रा लागि संविधानमा धेरै कुराहरु लेखियो तर अहिलेसम्म व्यवहारमा लागु भएन, यसको कार्यान्वयन गर्ने निकायनै गायबजस्तो छ, समाजले गर्ने विभेद हामीहरुलाई थाहा छ, जसले भोग्छ उसैले मात्रै थाहा हुँदो रहेछ, दलित भएर बाँच्नुको पीडा अरुले बुझ्नेनन् ।" दलित अगुवा धनबहादुर परियारले बागलुङमा अपमानित नाम थर भएका व्यक्तिको नागरिकतामा नाम फेरि दिन प्रशासन कार्यालयले आनाकानी गरेर दुःख दिने गरेको गुनासो गर्नुभयो । उहाँले अहिले पनि वर्षौंदेखिका दलितका मुद्दा जिल्ला अदालतमा थन्किएको सुनाउँदै सरोकारवाला निकायले यसको छानबिन गरी न्यान दिलाउन नसकेकोप्रति दुःखेसो पोख्नुभयो । परियार भन्नुहुन्छ, "बागलुङ दलित आन्दोलनमा मुख्य थलो हो, यहाँका दलित समुदाय अहिले पनि माथिल्लो जात भन्नेबाट पीडित हुनुपरेको छ, यहाँका अड्डामा दलिका मुद्दा धेरै छन्, यहाँ हाम्रो पक्षमा बोल्ने, सुन्ने कोही नहुँदा दलितका मुद्दा यतिकै हराउँदै गए, कार्यालयमा जाँदा समयमै काम गरि दिँदैनन्, यो वा त्यो बहानामा दुःख दिन्छन्, संविधानले व्यवस्था गरेअनुसारको काम गरी दिन पनि हिचकिचाउने र पीडा दिने काम बढी भएको छ।"

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. १७ कास्की रत्यौलीमार्ग बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः रत्यौलीमार्ग बाटो ढलान**
**स्थानः पोखरा-१७, रत्यौलीमार्ग**
**योजना सम्झौता मिति : २०७९/१०/१६ गते**
**योजना सुरु भएको मिति : २०७९/१०/१७ गते**
**योजना सम्पन्न मितिः २०८०/०१/३० गते**
**योजनाको कुल लागत : रु. ६,६६,६६९.२६ ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.६,००,००० ।-**
**जन सहभागितावाट : रु.६६,६६९.२६ ।-**
**उपभोक्ता समिति अध्यक्षः रमेश पहारी**
**सम्पर्क नं.: ९८५६०२८३२८**
**उपभोक्ता समिति सदस्यः जम्मा ५ जना महिला-२**

**रतौलीमार्ग स्लेप निर्माण तथा बाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-१७, कास्की**

# प्रतिभा उच्च माविमा मनिपालको निःशुल्क दन्त शिविर

**प्रतिक्षा पौडेल/रन्जिता आचार्य**
पोखरा, ३० फागुन

पोखराको पालिखे चोकमा रहेको प्रतिभा उच्च माध्यमिक विद्यालयमा दन्त शिविर सम्पन्न भएको छ।

मनिपाल शिक्षण अस्पतालको प्राविधिक सहयोगमा भएको निःशुल्क दन्त शिविरमा विद्यालयका ४ सय १५ जना विद्यार्थीहरुले दन्त परिक्षण गरेका छन्। शिविरमा विद्यालयका कक्षा ६ देखि १० कक्षासम्म अध्ययन गर्ने छात्रछात्राहरुले दातको परिक्षण गरेका थिए। परिक्षणमा जटिल समस्या देखिएकाहरुलाई अस्पताल रिफर गरिएको छ।

मंगलबार भएको कार्यक्रममा स्वास्थ्य परिक्षण गर्ने आउने विरामीलाई निःशुल्क आवश्यक औषधिको समेत वितरण गरिएको थियो। स्वास्थ्य



शिविरमा आएका विरामीहरुमा जटिल समस्या देखिएमा शिविरको विरामी पूर्जाको आधारमा मनिपाल शिक्षण अस्पतालले उक्त विरामीलाई छुट व्यवस्था गरेको अस्पतालले जनाएको छ। अस्पतालले विभिन्न संघ संस्थाहरुको समन्वयमा वर्षमा सय स्वास्थ्य शिविर गर्ने योजाना अन्तर्गत प्रतिभा स्कुलमा ११औ कार्यक्रम गरिएको अस्पतालका सहायक बजार ब्यवस्थापक खिम बहादुर लामिछानेले बताए। स्कूलका विद्यार्थी र शिक्षकहरूको मौखिक स्वास्थ्य सुधार गर्ने शिविरले सहयोग पुऱ्याउने व्यवस्थापक लामिछानेले जानकारी दिए। शिविरले मौखिक स्वास्थ्यको बारेमा चेतना जगाउने मात्रै नभएर समुदायको समग्र कल्याणमा पनि योगदान हुने लामिछानेको भनाइ छ।

# चलायमान बन्दै अन्नपूर्ण पदमार्ग

**रासस**
मनाङ, ३० फागुन

हिमाली जिल्ला मनाङमा यसवर्ष बेमौसममा हिमपात भएपछि पर्यटकीय क्षेत्र चलायमान हुन थालेको छ। विगतका वर्षमा हिउँदमा हिउँ खेल्न आउने पर्यटक प्रशस्त हुने गरे पनि यसवर्ष हिमपात भएन। हिमपात नहुँदा हिउँ छुन र खेल्न आउने पर्यटकको सङ्ख्यामा कमी आएको थियो। तर, वसन्त ऋतु सुरु भएसँगै हिमपात हुँदा अहिले पर्यटकको आवागमन बढेको छ।

पर्यटकको आवागमनले अन्नपूर्ण पदमार्ग चयालमान बन्दै गएको छ। बेमौसममा सुनसान रहने मनाङ अहिले बाटोभरि विदेशी पर्यटक आउँदै गरेको देखिन्छन्। हिमपात भएको अवस्थामा पदयात्रा गर्दा जोखिम मोल्नुपर्ने भए पनि यसवर्ष त्यस्तो जोखिम छैन। अहिले जोखिम नहुँदा पर्यटकलाई पदयात्रा गर्न सहज भएको छ। पदमार्गअन्तर्गत लमजुङको बेसीशहरदेखि पर्यटक पैदलयात्रा गर्ने पर्यटकको सङ्ख्या बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय मनाङले जनाएको छ। सिजन सुरु भएसँगै मनाङमा पर्यटकको चहलपहल बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालयका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार दैनिक रूपमा ५० भन्दा बढी पर्यटक मनाङ भित्रिन थालेका छन्। सन् २०२३ को सुरुआतमै ४२ देशका पर्यटक मनाङ भित्रिएका छन्। सन् २०२३ पहिलो महिना जनवरीमा ४२ देशका तीन सय १८ नागरिकले मनाङ भ्रमणका लागि प्रवेश अनुमति लिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार जनवरीमा सबैभन्दा बढी दक्षिण कोरियाका ६९ नागरिक मनाङ भ्रमणका लागि आएका थिए। "विशेषगरी हिउँदमा यहाँ चिसो र हिमपात हुने हो, तर यसवर्ष पर्न सकेन, हिउँदमा हिउँ खेल्न पर्यटक आउने हो, सिजन सुरु भएपछि अहिले पर्यटक मनाङ भित्रिन थालेका छन्", गौतमले भन्नुभयो। नयाँ वर्षको योजनाअनुरुप दक्षिण कोरियाका पर्यटक मनाङ भ्रमणमा आएको उहाँले बताउनुभयो।

कोरियन नागरिक यहाँभन्दा बढी चिसोमा बसिरहेका हुन्छन्, जसले गर्दा हिउँदमा कोरियाका पर्यटक बढी आउने गरेको उहाँको भनाइ छ। हिमपात नहुँदा थोराङ्ला भञ्ज्याङ कट्ने, तिलिचो ताललगायतका विभिन्न स्थानमा पुग्ने पर्यटक वर्षको पहिलो महिनामा बढी भित्रिएको उहाँ बताउनुहुन्छ। "विदेशी पर्यटकलाई तिलिचो ताल, थोराङ्ला पास जान अनुमति दिन्छौं। यो मार्ग जोखिमयुक्त भएकाले जानकारी पनि दिन्छौ", गौतमले भन्नुभयो। हिमपात भएपछि हिउँ पहिरो आउन सक्ने भएकाले पूर्णरूपमा यात्रा रोकिने उहाँले जानकारी दिनुभयो। पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्लापास गरी मुस्ताङ कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बैंसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँच वटा जिल्ला जोडिएको छ। काठमाडौंदेखि बैंसीसहरसम्म सवार ीसाधनमा पर्यटक आउने गर्दछन् र पदमार्गमार्फत मनाङका विभिन्न स्थानको अवलोकन सहित यात्राको सुरुवात गर्दछन्।

मनाङमा दुई वटा सिजनमा पर्यटक आउँछन्। सिजनअनुसार तिर्नुपर्ने रकम पनि फरक-फरक निर्धारण गरिएको छ। नापाभूमि गाउँपालिकाका सबै क्षेत्र र नासों गाउँपालिकाका ६ र ७ नम्बर वडामा घुम्दा सेप्टेम्बरदेखि नोभेम्बरसम्म अलि महँगो पर्दछ।

एक साताको एक सय अमेरिकी डलर तथा त्यसपछि थप्नुपर्दा प्रतिदिन १५ अमेरिकी डलर तिर्नुपर्छ। डिसेम्बरदेखि अगस्टको सिजनमा एक साताको ७५ अमेरिकी डलर तथा त्यसपछि दैनिक १५ अमेरिकी डलर तिर्नुपर्ने प्रावधान निर्धाण गरिएको छ।

# बान्द्रेगाउँमा खानेपानीको हाहाकार

**पोखरापत्र संवाददाता**
ढोरपाटन, ३० फागुन

सदरमुकाम बागलुङ बजार नजिकै छ मालिकाको बान्द्रेगाउँ। डाँडापाखाले घेरिएको यो गाउँ वर्षौंदेखि खानेपानीको समस्यामा छ। गाउँमा खानेपानीको समस्या समाधान गरिदिने बाचा गरेका धेरैपटक सत्तामा पुगे। व्यवस्था फेरिए तर खानेपानीको समस्या भने सधैं उस्तै। पानीको अभावले बारीमा लगाएका सागका पालुवा ओइलिएका छन्।

विद्यालयका शौचालय ढुङ्ढुङ्ती गन्हाएका छन्। बागलुङ नगरपालिका-५ स्थित उक्त गाउँमा सहज खानेपानीको पहुँच नहुँदा स्थानीयसँगै यहाँको कृष्ण आधारभूत विद्यालयका विद्यार्थीले धित मर्ने गरी पानी पिउन पाएका छैनन्। दशकौं अगाडि निर्माण भएको योजनाबाटै स्थानीयले खानेपानी उपभोग गर्दै आएका छन्। बिहान र बेलुका गरी दुई समय धारामा पानी आउँछ। थोरै समय आउने पानीले स्थानीयको गाग्री भरिँदैन। विद्यालयको ड्रम भरिन्न। स्थानीयले यो समस्या सरोकारवाला निकायलाई पटक-पटक सुनाउँदै आएका छन्। खानेपानीको समस्या सम्बन्धित निकायलाई सुनाउँदा सुनाउँदै दिक्क भएका उनीहरू अहिले यो विषयमा बोल्नै चाहँदैनन्। खानेपानीको चरम अभावका कारण गाउँ छाडेर जानेको सङ्ख्याबढ्दै गएको स्थानीय बताउछन्। पानीको आपूर्ति नहुँदा दैनिकी कष्टकर बन्दै गएको स्थानीय पार्वती शर्मीले बताउनुभयो। "घर नजिकै विद्यालय छ, विद्यार्थीतिर्खाएर आउँदाउनीहरूलाई पानी दिन नसक्दा दुःख लाग्छ", उहाँ भन्नुहुन्छ। शर्माले खेतीयोग्य जमिन भए पनि पानीअभावले तरकारी खेती र पशु चौपायालाई खुवाउन सकस भएको बताउनुभयो। मुहान नजिक नहुँदा र सरकारले यहाँ ध्यान नदिँदा खानेपानीको समस्या वर्षौंदेखि यथावत छ। खानेपानीको सहज उपलब्धता भएबसाइँसराइ रोकिने शर्मा बताउनुहुन्छ। करिब चार दशक अगाडि धुरखोलाबाट ल्याएको पानी अहिलेसम्म व्यवस्थित गर्न नसक्दा समस्या भएको स्थानीय ७० वर्षीय प्रेम शर्मा सापकोटाले बताउनुभयो। उहाँ भन्नुहुन्छ, "झण्डै ३५ परिवारले खानेपानीको समस्या भोगेका छन्, गाउँमा पानी ल्याउन कसैको ध्यान गएको छैन।" धारामा साँझ बिहान दुई समय खानेपानी आए पनि विद्यार्थीका लागि पर्याप्त नहुने कृष्ण आधारभूत विद्यालयका प्रधानाध्यापक दयाराम सापकोटाले बताउनुभयो। पानी भर्नका लागि बिहान छिट्टै विद्यालय आउने र साँझ अबेरसम्म बस्नुपर्ने उहाँ बताउनुहुन्छ। बागलुङ नगरपालिका-५ का वडाध्यक्ष हरिप्रसाद शर्माखानेपानी समस्या समाधानका लागि योजना अन्तिम चरणमा पुगेको बताउनुभयो। विसं २०७२ देखि 'मालिका खानेपानी तथासरसफाइआयोजान' सञ्चालन भए पनि बजेट अभावमा सम्पन्न हुन नसकेको उहाँले बताउनुभयो। "उपभोक्त समितिमार्फत ट्याङ्की निर्माण भएको छ, पाइप लाइन खन्न बाँकी छ", शर्माले भन्नुभयो।

# कार्यपालिका बैठक भत्ता शिक्षकशिक्षिकाको तलबमा

**रासस**
तनहुँ, ३० फागुन

जिल्लाको आँबुखैरेनी गाउँपालिकाले कार्यपालिकाको बैठक भत्ता शिक्षकशिक्षिकालाई तलब खुवाउनका उपलब्ध गराउने गरेको छ।

उक्त बैठकबाट प्राप्त हुने भत्ता रकमले १२ शिक्षकशिक्षिकलाई मासिक जनही रु २० हजारका दरले तलब प्रदान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्मीले जानकारी दिनुभयो। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न गाउँपालिकाले शैक्षिक क्षेत्रमा प्राथमिकता दिएर काम गर्दै आएकामा आगामी वैशाखदेखि कम्तीमा दुईवटा स्कुल बस सामुदायिक विद्यालयलाई प्रदान गरी सेवा सञ्चालन गर्न लागेको छ। गाउँपालिकाले ज्येष्ठ नागरिक, सुत्केरी, अपाङ्गता, असहाय र गरिबका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरेको उहाँले बताउनुभयो।

गाउँपालिकाभित्र करको दायरमा आएका व्यवसायीलाई २० प्रतिशत एम्बुलेन्स सेवामा छुटको व्यवस्था गरिएको पनि जनाइएको छ।

गाउँपालिकाले एम्बुलेन्स खरिद गरी नाफामुखीभन्दा पनि सेवामूलक भावनाले काम गर्दै आएको पालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। एम्बुलेन्सलाई आवश्यक पर्ने तेल र चालकको तलबका लागि सहयोग मिल्दै आएको उहाँले बताउनुभयो।

त्यसैगरी, गाउँपालिकाले कार्यालयको पहिलो तलामा नागरिक सेवा कक्ष सञ्चालनमा ल्याएको छ। सेवाग्राहीले सेवा लिन कोठा-कोठा चाहर्नुपर्ने समस्या बढेकाले एकै स्थानबाट सेवा दिन उक्त कक्ष सुरुआत गरिएको हो। निवेदन, फोटोकपी, नक्सापासलगायत सेवामा गाउँपालिकाले निःशुल्क गरेको छ।

# पाँच महिनामा वर्षा भएपछि किसान खुसी

**पोखरापत्र संवाददाता**
पर्वत, ३० फागुन

झन्डै पाँच महिनापछि वर्षा हुँदा पर्वतका कृषक हर्षित बनेका छन्। लामो समयसम्म खडेरी परेका कारण हिउँदे खेतीबाली सुख्खा भएर निराश भएका कृषकहरू सोमबार दिनभरजसो वर्षा भएपछि हर्षित बनेका हुन्। खेतबारीमा लगाइएको गहुँ, तोरी, आलु, फापर, जौलगायत तरकारीहरूको उत्पादन न्यून हुँदा निराश बनेका कृषकहरू बर्खेबाली लगाउन पाउने भएपछि हर्षित बनेका हुन्।

सिँचाइको सुविधा भएका ठाउँका कृषकहरूभन्दा सिँचाइको सुविधा नभएका ठाउँका कृषकहरूलाई ठूलो राहत मिलेको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ। वर्षा भएपछि कृषकहरूलाई खेतबारी जोतखन गर्न र बर्खे बाली लगाउन सहज भएको छ। गएको असोज अन्तिम साता परेको वर्षापछि कात्तिक, मङ्सिर, पुस र माघ महिनाभर वर्षा नभएका कारण सिँचाइको सुविधा नभएका ठाउँमा गरिएको गहुँ, आलु, जौ, फापर लगायतको खेती भने राम्रोसँग फस्टाउन नपाएको वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताउनुभयो। जिल्लामा सिँचाइ सुविधा पुगेको झन्डै आठ हजार हेक्टर जमिनबाहेक अधिकांश स्थानका कृषकहरू भने वर्षाको भरमा निर्भर रहनुपर्ने अवस्था छ।

वर्षा नहुँदा चैते धान रोप्न र खेतबारीमा मकै बाली लगाउन ढिलाइ भएको थियो। फागुन पहिलो साता रोप्नु पर्ने मकै अहिलेसम्म रोप्न नसकिएको ठूलीपोखरीका कृषक राधा सापकोटाले बताउनुभयो। यसपालि खेतको मकै समयमै नपाक्ने भएको छ। अब लगाएको मकै साउनमा मात्र पाक्ने उहाँको भनाइ थियो। बारीमा मकै लगाउन, लहरेबालीलगायत विभिन्न तरकारी र बर्खे आलु लगाउन भने सहज भएको अन्य कृषकहरूको भनाइ थियो। सोमबार जिल्लाको जलजला, मोदी, महाशिला, पैंयु, विहादी, फलेवास र कुश्मा नगरपालिका गरी सातवटै पालिकामा वर्षा भएको थियो। वर्षासँगै बेकामे बनेका कृषकहरू खेतबारीमा व्यस्त हुने भएका छन्।

हरेक वर्षको एक पटक हिउँ पर्ने पर्वतको बनौ, लेखफाँट, शालिजा, पन्चासे क्षेत्रमा यसपटक भने हिउँ नपरेको जलजला-९ बनौका वडा अध्यक्ष गौबहादुर पुनले बताउनुभयो। हिउँ नपरे पनि वर्षा भएकाले बालीनाली लगाउन सहज भएको उहाँको भनाइ थियो। कृषि ज्ञान केन्द्रका अनुसार खडेरीका कारण हिउँदे खेती उत्पादनमा ४० प्रतिशतभन्दा बढीले कमी आएको छ। सबैभन्दा बढी तेलहन बालीमा असर परेको वरिष्ठ कृषि विकास अधिकृत थापाले बताउनुभयो। त्यसबाहेक गहुँ, फापर, जौलगायत मौसमी तथा बेमौसमी तरकारीबालीमा समेत असर परेको छ।

# कोसेली घरमा गिठा भ्याकुरदेखि कैदीबन्दीले बनाएका मुढासम्म

**पोखरापत्र संवाददाता**
दमौली, ३० फागुन

तनहुँ जिल्लामै पहिलो पटक सञ्चालनमा आएको कोसेली घरमा वनजङ्गलमा पाइने गिठाभ्याकुर र सिस्नोदेखि कारागारका कैदीबन्दीले उत्पादन गरेका मुढा बिक्री वितरणका लागि राखिएको छ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घ तनहुँ महिला उद्यमी समिति तनहुँले सञ्चालनमा ल्याएको कोसेली घरमा वनजङ्गलमा पाइने गिठा भ्याकुरका साथै घरेलु उत्पादन बिक्री वितरणका लागि राखिएको हो। महिला उद्यमीलाई उद्यमशील बनाउने उद्देश्यसहित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, पर्यटन तथा उद्योग कार्यालय र व्यास नगरपालिकाको सहयोगमा कोसेली घर सञ्चालनमा ल्याइएको समितिकी अध्यक्ष कल्पना गौलीले बताउनुभयो। जिल्लाभरका महिला उद्यमीले उत्पादन गरेका सामग्री समितिले खरिद गरी कोसेली घरमा राखेको गौली बताउनुहुन्छ। "जिल्लाका आठवटा पालिकामा रहनुभएका महिला उद्यमीबाट सामग्री खरिद गरी ल्याएका छौं, कसैलाई पनि हालसम्म भुक्तानी दिएका छैनौं", गौलीले भन्नुभयो। दशवटै पालिकाका उद्यमीबाट सामान ल्याउने भनिए पनि हाललाई आठवटा पालिकाबाट मात्र सामान ल्याइएको छ। व्यास नगरपालिका र शुक्लागण्डकी नगरपालिकाबाट धेरै सामान आएको भन्दै गौलीले भन्नुभयो, "सबै ठाउँको प्रतिनिधित्व होस् भन्नका लागि केही न केही सामान ल्याएका छौं।" वनबाट गिठा भ्याकुर टिपेर ल्याउने महिलाहरूका लागि पनि केही आर्थिक उपार्जन होस् भन्ने हेतुले बिक्री वितरणको व्यवस्था मिलाइएको छ। "अरू केही आर्थिक उपार्जनको माध्यम नभएका महिलालाई पनि राहत होस् भन्नका लागि गिठाभ्याकुर खरिद गरी बिक्री वितरणको व्यवस्था मिलाएका छौं", गौलीले भन्नुभयो। कोसेली घरबाट कारागारका कैदीबन्दीले बुनेका मुढा बिक्री वितरणको व्यवस्था मिलाइएको छ। "कैदीबन्दीले कारागारबाटै पनि मुढा बिक्री गर्दै आउनुभएको छ, तर सबैलाई सहज होस् भनेर हामीले कोसेली घरमा मुढा बिक्रीका लागि राखिदिएका छौं", गौलीले भन्नुभयो। कारागारका बन्दीहरूले ल्याएको सामानमा नाफा नराखी बिक्री वितरण गरिने जनाइएको छ। कोसेली घरबाट सामान बिक्री गर्दा आउने नाफाको दुई प्रतिशत रकम उद्यमी राहत कोष स्थापना गरी जम्मा गरिनेछ। उक्त कोषबाट विपन्न महिलालाई भैपरी आउँदा सहयोग गरिनेछ। कोसेली घरमा गिठाभ्याकुर, सिस्नो, मस्यौरा, गुन्द्रुक, कर्कलो, अमलाको अचार, मूलाको चाना, लप्सी, चिउरा, रातो बेसार, धूप, टपरी, कोदो, कुचो, मुढा, ढकिया, झोला, बाँसका विभिन्न सामग्री बिक्री वितरणका लागि राखिएको छ। महिलाहरूले उत्पादन गरेको सामग्री बिक्री वितरणका लागि कोसेली घरले पुलको काम गर्ने उद्यमी मछिन्द्रादेवी श्रेष्ठले बताउनुभयो। महिला उद्यमी सङ्घकी सदस्य वसुन्धरा घर्तीले कोसेली घरलाई ब्रान्डका रूपमा विकास गरिने बताउनुभयो। जिल्लामा आयोजना हुने कार्यक्रममा मायाको चिनो प्रदान गर्नुपर्दा कोसेली घरका सामग्रीलाई प्राथमिकता दिनुपर्ने जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले बताउनुभयो। कोसेली घर सञ्चालनका लागि पर्यटन तथा उद्योग कार्यालयले भवन निर्माण गरी हस्तान्तरण गरेको छ। कोसेली घर सञ्चालनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट रू सात लाख सहयोग गरिएको छ। उक्त रकमबाट सजावट, कोसेली घर सञ्चालनका लागि आवश्यक कम्प्युटर, गोदाम घर निर्माण गरिएको छ। कोसेली घर निर्माणका लागि व्यास नगरपालिकाले पनि बिउ पुँजीका रूपमा रू पाँच लाख सहयोग गर्ने भएको छ।

# 'दलितमाथि हुने विभेद अहिले पनि उस्तै'

**पोखरापत्र संवाददाता**
पर्वत, ३० फागुन

अन्तरजातीय विवाहका कारण दलित थप पीडित हुँदै गएको बताइएको छ। बागलुङमा आयोजित एक कार्यक्रमका वक्ताहरुले उमेर पुगेका युवायुवतीले मन मिलेर अन्तरजातीय विवाह गरे पनि परिवारले युवकमाथि बलात्कार, अपहरणलगायतका मुद्दा लगाएर जेलमा हाल्ने गरेको उनीहरुको भनाइ छ। राष्ट्रिय दलित आयोगका प्रवक्ता सुन्दर बुर्कुटीसँगको अन्तर्क्रियामा यहाँका दलित अगुवाले अहिले पनि समाजमा दलित समुदायलाई हेर्ने दृष्टिकोण नबदलिएको बताएका हुन्। राज्यले दलितका मुद्दालाई उठान तथा समस्या समाधान गर्न नीति कानुन बनाए पनि कार्यान्वयन नहुँदा अहिले पनि आफूहरु समाजको तल्लो दर्जामै रहनुपरेको उनीहरुको गुनासो छ। उनीहरुले भने, "हाम्रा लागि संविधानमा धेरै कुराहरु लेखियो तर अहिलेसम्म व्यवहारमा लागु भएन, यसको कार्यान्वयन गर्ने निकायनै गायबजस्तो छ, समाजले गर्ने विभेद हामीहरुलाई थाहा छ, जसले भोग्छ उसैले मात्रै थाहा हुँदो रहेछ, दलित भएर बाँच्नुको पीडा अरुले बुझ्नेनन्।" दलित अगुवा धनबहादुर परियारले बागलुङमा अपमानित नाम थर भएका व्यक्तिको नागरिकतामा नाम फेरि दिन प्रशासन कार्यालयले आनाकानी गरेर दुःख दिने गरेको गुनासो गर्नुभयो। उहाँले अहिले पनि वर्षौंदेखिका दलितका मुद्दा जिल्ला अदालतमा थन्किएको सुनाउँदै सरोकारवाला निकायले यसको छानबिन गरी न्यान दिलाउन नसकेकोप्रति दुःखेसो पोख्नुभयो। परियार भन्नुहुन्छ, "बागलुङ दलित आन्दोलनमा मुख्य थलो हो, यहाँका दलित समुदाय अहिले पनि माथिल्लो जात भन्नेबाट पीडित हुनुपरेको छ, यहाँका अड्डामा दलिका मुद्दा धेरै छन्, यहाँ हाम्रो पक्षमा बोल्ने, सुन्ने कोही नहुँदा दलितका मुद्दा यतिकै हराउँदै गए, कार्यालयमा जाँदा समयमै काम गरि दिँदैनन्, यो वा त्यो बहानामा दुःख दिन्छन्, संविधानले व्यवस्था गरेअनुसारको काम गरी दिन पनि हिचकिचाउने र पीडा दिने काम बढी भएको छ।" उहाँले राष्ट्रिय दलित आयोग दलितका माग र मुद्दालाई स्थापित गर्न स्थापना भए पनि वास्तविक विभेदमा परेका दलित समुदायसम्म पुग्न नसकेको बताउनुभयो। जल्लाका दूरदराजमा अहिले पनि जातीय विभेद र छुवाछुत पहिलेको जस्तै रहेको परियारको भनाइ छ। गाउँघरमा पनि विभिन्न प्रथाका नाममा दलितमाथि हुने अन्याय र अत्याचार उस्तै भएको उहाँ बताउनुहुन्छ। स्थानीय पवित्रा सुनार अहिलेसम्म दलित समुदायसम्म सहजरुपमा न्याय नपुगेको बताउनुहुन्छ। घर टोल छिमेक र समाजमा खुलेआम छुवाछुत हुने गरेको भन्दै यस्ता मुद्दा लिएर न्यायालयमा जाँदा न्याय पाउन नसकेको उहाँको गुनासो छ। बेलाबेलामा दलित समुदायमाथि विभेद हुँदै आएको उहाँको भनाइ छ। उहाँले माथिल्लो जातिसँग प्रेम सम्बन्ध तथा विवाह गरे समाजबाट निष्कासित हुनुपरेको घटना जिल्लामा धेरै भएको बताउनुभयो।